नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

म्याग्दी

फोन न. ०६९-५२०१४०

०६९-५२१०६१

इमेल:-myagdi@fcgo.gov.np

myagdi.dtco@fcgo.gov.np


प.स:२०८२/८३

च.न: २२३

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बेनी, म्याग्दी

मिति:२०८३/०२/१९

**विषय: अन्त:शुल्क दर्ता/नविकरण सूचना टाँस सम्बन्धमा।**

श्री बेनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बेनी, म्याग्दी
श्री रघुगंगा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,मौवाफाँट, म्याग्दी
श्री अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,पोखरेबगर, म्याग्दी
श्री मंगला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,बाबियाचौर, म्याग्दी
श्री मालिका गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,दरबाङ, म्याग्दी
श्री धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,मुना, म्याग्दी
श्री म्याग्दी उद्योग बाणिज्य संघ,बेनी।

प्रस्तुत विषयका सम्बन्धमा अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९, मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली,२०३३ र अन्तःशुल्क निर्देशिका,२०६८ अनुसार अन्तःशुल्कजन्य कारोवार गर्ने सम्पुर्ण फर्म/व्यवसायीहरुले अनिवार्य रुपमा अन्तःशुल्क इजाजत लिएर मात्र अन्तःशुल्कजन्य कारोवार गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। अन्तःशुल्कजन्य कारोबार दर्ता/नविकरण नगरी व्यवसाय संचालन गरिरहेका फर्महरुलाई दर्ता/ नविकरण गर्ने सम्बन्धी पत्रसाथ संलग्न गरीएको सूचना कार्यालयको सूचना पार्टी साथै सम्पूर्ण वडा कार्यालयमा सूचना टाँस गरी सोको जानकारी दिनुहुन अनुरोध छ।

२०८३/०२/१९
(रामनाथ शर्मा)
प्रमुख कोष नियन्त्रक

श्री सूचना प्रविधि अधिकृत
सूचना पाटीमा टाँस गर्ने, सामाजिक सञ्जालमा अपलोड गर्ने तथा वडामा समेत प्रचार गर्नुहुन ।
२०८३/०२/१९

अन्नपूर्ण गाउँपालिका
दर्ता नं. ४७९८
दर्ता मिति: २०८३/०२/१९


"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बेनी, म्याग्दी

# कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीबाट अन्तःशुल्क दर्ता/नविकरण सम्वन्धमा जारी भएको सूचना

सबै अन्तःशुल्क जन्य कारोबार गर्ने फर्म, व्यक्ति तथा संस्थाको लागि यो सूचना जारी गरीएको छ। अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९, मदिरा ऐन, २०३१, मदिरा नियमावली, २०३३ र अन्तःशुल्क निर्देशिका, २०६८ अनुसार अन्तःशुल्क जन्य कारोबार गर्ने सम्पूर्ण फर्म/व्यवसायीहरूले अनिवार्य रुपमा अन्तःशुल्क इजाजत लिएर मात्र कारोबार गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले इजाजत तथा नविकरण गरेरमात्र अन्तःशुल्कजन्य कारोबार गर्नुहुन अनुरोध गरिन्छ। जसको लागि आवश्यक दर्ता प्रकिया, संलग्न गर्नुपर्ने कागजात, इजाजत पत्र नविकरण लगायत दण्ड जरीवाना सम्वन्धमा आवश्यक प्रकिया देहाय बमोजिम हुने व्यहोरा उल्लेख छ।

**दर्ता प्रक्रिया:**

- आन्तरिक राजस्व विभाग अन्तर्गतको करदाता पोर्टलमा सिधै लगइन गर्ने अथवा कोष तथा नियन्त्रक कार्यालय म्याग्दीमा भौतिक रुपमा उपस्थित भई दर्ता गर्न सकिने,
- अन्तःशुल्क इजाजतपत्रको लागि तोकिएको ढाँचामा निवेदन दिनुपर्ने,
- निवेदनको ढाँचा कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दीमा उपलब्ध हुने,
- आवश्यक दस्तुर दाखिला गर्ने।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

- व्यवसाय दर्ता प्रमाणपत्र (कम्पनी वा घरेलु),
- कर चुक्ता प्रमाणपत्र (नवीकरणको हकमा),
- इजाजतपत्र दस्तुर दाखिला गरेको भौचर,
- उद्योग वा व्यवसाय स्थलको नक्सा वा विवरण,
- नागरिकताको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र,
- स्थायी लेखा नम्वर।

**इजाजतपत्र र नवीकरण:**

- **अनिवार्य इजाजत:** अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा भण्डारण गर्नुअघि इजाजतपत्र (License) लिनु अनिवार्य छ।
- **समयमै नवीकरण:** प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो महिना अर्थात श्रावण महिना भित्र इजाजतपत्र नवीकरण गरिसक्नुपर्ने छ।
- **जरिवाना:** म्याद नाघेर नवीकरण गर्दा तोकिएको समय अनुसार थप दस्तुर वा जरिवाना लाग्छ।

**स्टिकर र भौतिक नियन्त्रण:**

- **स्टिकरको प्रयोग:** मदिरा र सुर्तीजन्य पदार्थको प्रत्येक बोतल वा बट्टामा नियमअनुसार अन्तःशुल्क स्टिकर टाँसेको हुनुपर्छ।
- **बिना स्टिकर प्रतिबन्ध:** स्टिकर नभएका वा नक्कली स्टिकर भएका वस्तु बिक्री वितरण गर्नु गैरकानुनी मानिन्छ।

**खाता व्यवस्थापन र विवरण बुझाउने**

- **अनिवार्य खाता:** व्यवसायीले खरिद, बिक्री र स्टक (जिन्सी) को स्पष्ट र अद्यावधिक खाता राख्नुपर्छ।
- **मासिक विवरण:** प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र (अर्को महिनाको २५ गतेभित्र) अन्तःशुल्क विवरण अनलाइन बुझाउनुपर्छ।
- **शून्य विवरण:** महिनाभर कारोबार नभए तापनि 'शून्य विवरण' (Nil Return) बुझाउनु अनिवार्य छ।

**दण्ड र जरिवानाबाट बच्न**

- **अवैध कारोबार:** इजाजत नलिई वा बिना बिलबिजक कारोबार गरेमा अनुगमनको क्रममा सामान जफत, जरिवाना र कैद सजाय सम्म हुनेछ।
- **दररेट परिवर्तन:** बजेट (आर्थिक ऐन) मार्फत हुने अन्तःशुल्कका नयाँ दररेटहरू बारे सधैं सचेत रहनुहोस्।

**पुनश्च:**

अनुगमनको क्रममा अनुगमनकर्तालाई आवश्यक कागजात उपलब्ध गराउनु कारोबारमा संलग्न नागरिकको कर्तव्य हो। अनुगमनको क्रममा गैरकानूनी तवरले कारोबार गरेको भेटिएमा मालवस्तुको कानून बमोजिम जफत तथा आवश्यक कारबाही हुने व्यहोरा जानकारी गराईन्छ। यस सम्बन्धी थप जानकारी आन्तरिक राजश्व विभागको वेभसाइट www.ird.gov.np मा हेर्न सकिन्छ।

रामनाथ शर्मा
प्रमुख कोष नियन्त्रक